निर्णय नं. १  भुमिगत प्रशारण लाईन व्यवस्थापन समिती, मेलम्ची -११ टारवाट हालको विद्युत लाईनवाट मानवीय जोखिम तथा खतराको कारणले उक्त विद्युत लाइन भुमिगत गर्नको लागि मिति २०७५।१२।८ को निवेदन मार्फत आवश्यक पर्ने रकम माग गर्नुभएकोमा  नगरपालिकाको वित्तीय समानीकरण पुँजिगत तर्फको विविध सार्वजनिक निर्माण शीर्षकवाट रू ६,०००००।-(छ लाख)  कार्यसम्पन्न भएपश्चात भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. २. राजेन्द्र रोक्का समेतले मेलम्ची- १ भोटेचौरको भोटेचौर- भुमेस्थान- शिवमन्दिर- रोक्काटोल- डाडागाऊं- रोक्काटोल- जरेखोला जाने मोटरवाटो स्तरोन्नती गर्न मिति २०७५।११।२२ को निवेदन मार्फत रकम माग गर्नु भएकोमा नगरपालिकाको आन्तरिक पुँजिगत तर्फको साझेदारी कार्यक्रम शिर्षकवार्ट गरी रू. ७,०००००।- (सात लाख) रकम उपलब्ध गराउने निर्णय गरियो ।

निणर्य नं. ३. भिमप्रसाद दुलालले मेलम्ची-१० शिखरपुर रातमाटेमा दश घर धुरीको लागि खानेपानी व्यवस्थापनको गर्न ३ वटा धारा निर्माण र पाईप समेतको लगत स्टिमेट अनुसारको रकम व्यवस्था गरी दिनुहुन भनी मिति २०७५।११।३० मा निवेदन पेश  गर्नु भएकोमा नगरपालिकाको वित्तीय समानीकरण पुँजिगत तर्फको खानेपानी, सिंचाई, नदी नियन्त्रण, पाईप तथा ग्याविन खरिद शीर्षकबाट कार्यसम्पन्न भए पश्चात रू. १,५२,०००।- (एक लाख बाउन्न हजार) भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ४. मेलम्ची -१ नं. वडा कार्यालय भोटेचौरवाट सिफारिस भई आएको बोक्सेखोला लांकुरीको वोट थाप्सीनीटार सिंचाई कुलो निर्माणको लागि मिति २०७५।११।१०को निवेदनवाट वजेट माग गर्नुभएकोमा नगरपालिकावाट प्राविधिक खटाई लागत स्टिमेट तयार गरी पेशगर्न लगाउने निर्णय गरियो ।

निर्णय नं. ५ भु-मण्डलीय संयुक्त व्यवस्थापन प्रा.लि. ले चारवटा विद्यालय (श्री तेर्से मा.वि. मे.न.पा. ६, श्री ईन्द्रेश्वरी मा.वि. मे.न.पा. ११ ,श्री जालपादेवी मा.वि. मे.न.पा.१२ र श्री माहाकाली मा.वि. मे.न.पा. १२) मा सौर्य उर्जा प्रविधि जडान गर्न कार्यक्रम स्वीकृत गरी पाउं भनी मिति २०७५।१२।७ को निवेदन पेश गर्नु भएकोमा उक्त प्रा.लि. लाई सौर्य उर्जा प्रविधि जडान गर्न स्विकृत प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ६. मेलम्ची- ७ दुवाचौर स्थित योङ स्टार क्लवले भक्तपुरमा संचालन हुन लागेको खुल्ला राष्ट्रिय भलिवल प्रतियोगितामा सहभागीता हुनको लागि आर्थिक सहयोग उपलब्ध गराई पाऊं भनी मिति २०७५।१२।१३ मा निवेदन पेश गरेकोमा उक्त क्लवलाई नगरपालिकाको वित्तीय समानीकरण पुँजिगत तर्फको खेलकुद शीर्षकवाट रू ५०,०००।- (पचास हजार) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ७. राष्ट्रिय संगीतकर्मी संघ जिल्ला शाखा सिन्धुपाल्चोकले आयोजना गर्न लागेको जिल्लास्तरीय खुल्ला लोकदोहोरी प्रतियोगिताको लागि मिति २०७५।१२।२५ को निवेदनवाट आर्थिक सहयोग स्वरूप रू. १ लाख माग गर्नुभएकोमा नगरपालिकाको वित्तीय समानीकरण पुँजिगत  तर्फको  सूचना  संचार तथा विविध प्रर्वद्धनात्मक कार्यक्रम शिर्षकवाट रू. ५०,०००।- (पचास हजार) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८. मेलम्ची- ४ थकनी अमले खनालवस्तीका पहिरो पिडीतहरू राम न्यौपाने समेतले पहिरोको कारण घरवास जोखिममा परेकोले पहिरो रोकथामको लागि लागत स्टिमेट अनुसार रू. ८,५०,९३१।७३ को आर्थिक सहयोग पाऊं भनी मिति २०७५।१२।२४ मा निवेदन दिनु भएकोमा नगरपालिकाको वित्तीय समानीकरण पुँजिगत तर्फको खानेपानी, सिंचाई, नदी नियन्त्रण, पाईप तथा ग्याविन खरिद शीर्षकवाट रू २,००,०००।- (दुई लाख) कार्यसम्पन्न भए पश्चात भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ९. काठमाडौं- ३२ कोटेश्वर स्थित डि. एण्ड एल. अटो प्रा.लि. ले मेलम्ची नगरपालिका क्षेत्र भित्र अटोरिक्सा सञ्चालन अनुमती पाऊं भनी मिति  २०७५।१०।२३ मा निवेदन दिनुभएकोमा नगरपालिकाको तर्फवाट

प्रदुषण जाचपास पुरा गरेका अटोरिक्साहरूलाई निश्चित रूट र भाडादर निर्धारण गरी नगरपालिका कार्यालयमा अभिलेखीकरण गरेर सञ्चालन अनुमती दिने निर्णय गरियो ।

निर्णय नं. १०. मेलम्ची-१० शिखरपुर स्थित नमुना माझी वस्तीमा वर्षादको पानी व्यवस्थापनको लागि ढलान गर्नु पर्ने र ५ वटा सोलार बत्ती जडान गर्नको लागि आवश्यक रकम विनियोजन गरिपाऊं भनी मे.न.पा १० निवाशी आकाश माझीले मिति २०७५।१२।१८ मा निवेदन पेश गरेकोमा नगरपालिकाको प्राविधिकवाट तयार गरिएको लागत अनुमानको आधारमा नगरपालिकाको वित्तीय समानीकरण पुंजिगत तर्फको विविध सार्वजनिक निर्माण शीर्षकवाट कार्यसम्पन्न भएपश्चात भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ११. पाचपोखरी थाङपाल गाउपालिका -८ लागर्चे सि.पा. निवासी दावा जङवु शेर्पाले आफु विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गर्न लागेकोले आर्थिक सहयोग उपलब्ध गराईपाऊं भनी मिति २०७५।१२।२२ मा निवेदन पेश गरेकोमा नगरपालिकाको पर्यटन विकास पूर्वाधार कोष शिर्षकवाट खर्च गर्ने गरी रू. ५०,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १२. मेलम्ची-८ ज्यामिरे स्थित पहिरेखोला मुहान दोवाटे खानेपानी मर्मत उपभोक्ता समितिका अध्यक्ष प्रकाश खड्काले नगर साझेदारी कार्यक्रम अन्तर्गत रू. १,५०,०००।- उपभोक्तावाट व्यहोर्ने गरी नगरपालिकावाट रू. ३,५०,०००।- रकम उपलब्ध गराईपाऊं भनी मिति २०७५।१२।२५ मा निवेदन दिनु भएकोमा नगरपालिकावाट प्राविधिक लागत अनुमान तयार गर्न लगाई कार्यपालिकाको अर्को वैठकमा पेश गर्न लगाउने निर्णय गरियो ।

निर्णय नं. १३. श्री जनता माध्यमिक विद्यालयले झ्याल र ढोकाहरू राख्नको लागि लागत अनुमान तयार गरी रू. ३,२८,८६२।०३ रकम उपलब्ध गराई पाऊं भनी मिति २०७५।१०।१३ मा निवेदन दिनु भएकोमा उक्त विद्यालयलाई नगरपालिकाको आन्तरिक पुंजिगत तर्फको शिक्षा शीर्षकमा विनियोजित रकममध्येवाट रू ३ लाख उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १४. मेलम्ची-११ मेलम्ची वजार स्थित नमुना मार्ग निर्माण उपभोक्ता समितिका अध्यक्ष पुस्कर प्रसाद धितालले कम्युनिटी स्कुल चोकदेखि समता स्कुल जाने नमुना मार्ग मर्मतको लागि र कल्भर्ट निर्माणको लागि समेत नगरपालिकाको साझेदारी कार्यक्रम अन्तर्गत रकम उपलब्ध गराईपाऊं भनी मिति २०७५।१२।१० मा निवेदन पेश गरेकोमा उक्त वजारक्षेत्रका स्थानीय घरधनीहरूले नगरपालिकामा बुझाउनु पर्ने घरवहाल कर चुक्ता र व्यवसाय दर्ता गरेपछि साझेदारी कार्यक्रम अन्तर्गत ल.ई.को आधारमा हुन आउने ७० प्रतिशत रकम उपलब्ध गराउने निर्णय गरियो

निर्णय नं. १५. उपभोक्ता हित संरक्षण मञ्च मेलम्चीका अध्यक्ष शालिकराम अधिकारीले मेलम्ची नगरपालिकामा २ दिने उपभोक्ता सचेतीकरण कार्यक्रम गर्नको लागि आवश्यक रकम उपलब्ध गराईपाऊं भनी मिति २०७५।१२।२५ मा निवेदन दिनु भएकोमा उक्त कार्यक्रम सञ्चालनार्थ नगरपालिकाको वित्तीय समानीकरण पुंजिगत तर्फको विविध सार्वजनिक निर्माण शीर्षकवाट रू. २,७५,०००।- रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १६. मेलम्ची -८ ज्यामिरे स्थित राम्चेडांडा सुनखानी भण्डारीगाऊं गुफा सडक मर्मतको लागि नगरपालिकाको साझेदारी कार्यक्रम अन्तर्गत रकम विनियोजन गरिपाऊं भनी मिति २०७५।१२।४ मा निवेदन पेश गर्नु भएकोमा नगरपालिकाको साझेदारी कार्यक्रम शीर्षकवाट रू ७ लाख कार्य सम्पन्न भएपश्चात भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. १७. ओममणी युवा क्लव मेलम्ची -११ धुसेनीवाट वुद्धजयन्तीको अवसरमा धार्मीक र्‍याली,प्रवचन र सांस्कृतिक कार्यक्रम संचालनको लागि आर्थिक सहयोग पाऊं भनी निवेदन दिएकोमा उक्त कार्यक्रमको लागि

नगरपालिकाको वित्तिय समानीकरण तर्फ पुरातात्विकस्थल, गुम्वा, मठ, मन्दिर संरक्षण तथा मर्मत शिर्षकवाट खर्च गर्ने गरी रू. १ लाख उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १८. मेलम्ची-१ भोटेचौर स्थित भागेगाऊँ हुँदै डाँडाखेतसम्म जाने मोटरवाटो ट्र्याक खोल्नको लागि नगरपालिकाको साझेदारी कार्यक्रमवाट वजेट उपलब्ध गराईपाऊँ भनी मिति २०७५।१०।६ मा निवेदन दिएकोमा उक्त कार्यको लागि नगरपालिकावाट प्राविधिक खटाई प्रतिवेदन पेश गर्न लगाउने निर्णय गरियो ।

निर्णय नं. १९. सिन्धुपाल्चोक कलाकार समाज सिन्धुपाल्चोकवाट सांस्कृतिक कार्यक्रम संचालनको लागि मिति २०७५।१२।१३ को निवेदन मार्फत आर्थिक सहयोग उपलब्ध गराई पाऊँ भनेकोमा उक्त संस्थालाई नगरपालिकाको वित्तीय समानीकरण पुँजिगत तर्फको सूचना संचार तथा विविध प्रर्वद्धनात्मक कार्यक्रम शिर्षकवाट खर्च गर्ने गरी रू. १ लाख उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २०. मेलम्ची -१ भोटेचौर स्थित बोक्सेखोला रातोमाटेडांडा हुँदै कान्ले लाखेटार जोड्ने कृषी सडक लाई नगरपालिकाको साझेदारी कार्यक्रमवाट निर्माण गर्ने गरी वजेट उपलब्ध गराईपाऊँ भनी मिति २०७५।११।१० को निवेदनवाट माग भई आएकोमा उक्त कार्यको लागि नगरपालिकाको प्राविधिकवाट लागत अनुमान तयार गर्न लगाई आगामी वैठकमा पेश गर्न लगाउने निर्णय गरियो ।

निर्णय नं. २१. श्री शिवशंकरेश्वर आधारभूत विद्यालय मेलम्ची- ११ जरायोटारवाट विद्यालय भवनलाई विभिन्न जग्गादाताहरूवाट जग्गा दिन ईच्छुक हुनु भएकोले दाताहरूको जग्गालाई कानुनी रूपमा विद्यालयको नाममा नामसारी गरी ल्याउनको लागि सिफारिस पाऊँ भनी मिति २०७५।११।२१ को निवेदन मार्फत माग गर्नु भएकोमा नगरपालिकावाट अमिन खटाई फिल्ड सर्भे गरी मालपोत र नापी कार्यालयवाट श्रेस्ता र फिल्डवुक माग गरेर अध्ययन गरेपछी पेश गर्न लगाउने निर्णय गरियो ।

22

स्थानीय सरकार

मेलम्ची नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

मेलम्ची, सिन्धुपाल्चोक

३ नं प्रदेश, नेपाल

स्थापना : २०७३

<u>नगरसभा सम्बन्धी कार्यतालिका ०७६।०७७</u>

| क्र.स | विवरण | गरिने कार्य तथा निर्णय | मिति | समय | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | **राजस्व परामर्श समितिको बैठक** | करका दर रेट तथा आम्दानीको अनुमान | २०७५।१२।२८ | दिनको २ बजे | नगर सूचना केन्द्र | |
| २ | **श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक** | श्रोत सुनिश्चत तथा शीर्षकगत बजेटको सीमा निर्धारण | २०७६।०१।०५ | दिनको ११ बजे | नगर सूचना केन्द्र | |
| ३ | **अभिमुखिकरण कार्यक्रम** | वार्षिक बजेट तर्जमा र कार्यान्वयन सम्बन्धी अभिमुखीकरण कार्यक्रम | २०७६।०१।०७ गते | दिनको ११ बजे | इन्द्रेश्वरी मावि/जाल्पादेवी मावि | |
| ४ | **टोल विकास संस्था तथा बस्तीस्तरको बैठक** | बस्तीस्तरका योजना तथा कार्यक्रम छनौट | २०७६।०१।०८देखी २०७६।०१।१५ सम्म | वडा कार्यालयको सूचना बमोजिम | वडा कार्यालयको सूचना बमोजिम | |
| ५ | **वडा समितिको बैठक** | बस्तीस्तरबाट प्राप्त योजना तथा कार्यक्रमको प्राथमिकिकरण गरी नगरपालिकालाई सिफारिस गर्ने | २०७६।०१।१६ देखी २०७६।०१।२० सम्म | वडा कार्यालयको सूचना बमोजिम | वडा कार्यालयको सूचना बमोजिम | |
| ६ | **कार्यपालिकाको बैठक** | नगरस्तरीय योजना तथा कार्यक्रम निर्माण (नगर विकास गुरूयोजनाको गाइड लाइन बमोजिम) | २०७६।०१।३० र ३१ | दिनको १० बजे | नगर सूचना केन्द्र | |
| ७ | **विधायन समितिको बैठक** | आवश्यक ऐन/नियम मस्यौदा गर्ने सम्बन्धमा | २०७६।०२।०२ | दिनको १० बजे | नगर सूचना केन्द्र | |
| ८ | **विषयगत समितिको बैठक** | | | दिनको १० बजे | नगर सूचना केन्द्र | |
| क | पूर्वाधार विकास समिति | बस्तीस्तरबाट तथा नगरस्तरबाट निर्माण भएका योजना तथा कार्यक्रम सम्बन्धी छलफल | २०७६।०२।०६ | दिनको १० बजे | नगर सूचना केन्द्र | |
| ख | आर्थिक विकास समिति/लेखा समिति | बस्तीस्तरबाट तथा नगरस्तरबाट निर्माण भएका योजना तथा कार्यक्रम सम्बन्धी छलफल | २०७६।०२।०८ | दिनको १० बजे | नगर सूचना केन्द्र | |
| ग | सामाजिक विकास समिति | बस्तीस्तरबाट तथा नगरस्तरबाट निर्माण भएका योजना तथा कार्यक्रम सम्बन्धी छलफल | २०७६।०२।१२ | दिनको १० बजे | नगर सूचना केन्द्र | |
| घ | संस्थागत विकास तथा सेवा प्रवाह समिति /सुशासन समिति | बस्तीस्तरबाट तथा नगरस्तरबाट निर्माण भएका योजना तथा कार्यक्रम सम्बन्धी छलफल | २०७६।०२।१४ | दिनको १० बजे | नगर सूचना केन्द्र | |
| ङ | विधायन समिति | आवश्यक ऐन/नियम मस्यौदा प्रस्तुत तथा कार्यपालिकामा सिफारिस गर्ने | २०७६।०२।१६ | दिनको १० बजे | नगर सूचना केन्द्र | |
| च | पर्यटन पूर्वाधार/कृषि विकास/उद्यम विकास समितिको बैठक | नीतिगत व्यवस्था कार्यान्वयनका लागि कार्यक्रम तथा योजना निर्माण | २०७६।०२।२० | दिनको १० बजे | नगर सूचना केन्द्र | |
| ९ | **योजना तर्जुमा समितिको बैठक** | प्राप्त बजेट, नीति तथा कार्यक्रम स्वीकृत गरी कार्यपालिकामा पेश गर्ने | २०७६।०२।२९ | दिनको १० बजे | नगर सूचना केन्द्र | |
| १० | **नगर कार्यपालिको बैठक** | प्राप्त बजेट, नीति तथा कार्यक्रम स्वीकृत गरी नगरसभामा पेश गर्ने | २०७६।०२।३० | दिनको १० बजे | नगर सूचना केन्द्र | |
| ११ | **नगरसभा बजेट प्रस्तुत** | बजेट तथा कार्यक्रम प्रस्तुत | २०७६।०३।०९ | दिनको १० बजे | कार्यपालिकाको निर्णय बमोजिम | |
| १२ | **नगरसभा** | आवश्यक छलफलद्वारा नगरपालिकाको नीति, कार्यक्रम तथा योजना पारित | २०७६।०३।२६ र २७ | कार्यपालिकाको निर्णय बमोजिम | कार्यपालिकाको निर्णय बमोजिम | |

निर्णय नं. २२. यस नगरपालिकाको आ.व. २०७६/०७७ को नगरसभा संचालन सम्बन्धी पेश भएको कार्यतालिका स्विकृत गर्ने निर्णय गरियो ।